# १२ परमेश्वरको चरित्रप्रति छेडिएको युद्ध

*<u>यस अध्यायका यी मूल पदहरू पढ्नुहोस्:</u>* इजकिएल २८:१२-१७, यशैया १४:१२-१५, अय्यूब १:६-१२, जकरिया ३:१-५, १ यूहन्ना ४:१०, २ तिमोथी ४:८, इजकिएल ३६:२३-२७।

*<u>मुकष्ठ गर्नुपर्ने पद:</u>* **"तब वेदीबाट कसैले यसो भनिरहेको मैले सुनें, "हो, परमप्रभु परमेश्वर सर्वशक्तिमान्, तपाईंका सत्य र धार्मिकता अर्थात् पवित्रता न्यायसङ्गत छन्।" प्रकाश १६:७ (रूपान्तरित)।**

**खीष्ट र सैतानको बीचमा भइरहेको महान् मतभेदको संघर्षको यथार्थताको आत्मज्ञान सेभेन्थ-डे एडभेन्टिस्टहरूमा छ।** दुई महाशक्तिहरूको बीचमा भइरहेको सङ्ग्रामको कारणले यस संसारमा के भइरहेको छ र किन भइरहेको छ भन्ने कुराको वाख्या गर्न उपरोक्त आत्मज्ञानले सहयोग गर्दछ।

त्यस मतभेदको महान् युद्धको केन्द्रविन्दु स्वर्गमा भएको परमेश्वरको पवित्र मन्दिर हो जहाँ परमेश्वरको सिहाँसनको सामु येशूले मूल पुरोहितको रूपमा काम गरिरहनुभएको छ । मुक्तिको सुरूदेखि र अन्तिम इतिहाससम्म त्यस भिषण संघर्षले कसरी निरन्तरता पाइरहेको रहेछ भन्ने आत्मज्ञान त्यस सत्यले बताउँछ। हामीले थाहा पाउनुपर्ने मूल विषयवस्तु नै मानव मुक्तिको निम्ति क्रुसमा येशूको मृत्युको अपरिहार्यता हो। परमेश्वरको स्वभाव र चरित्रलाई पवित्र मन्दिरको सन्देशको सहायताले हेर्नसक्छौं। स्वर्गमा परमेश्वर र सैतानको बीचमा भएको मतभेदको महान् युद्धको सुरूदेखि नै सैतानले परमेश्वरको स्वभाव र चरित्रप्रति आक्रमक निति अपनाइरहेको छ।

खीष्ट र सैतानको बीचमा भइरहेको मतभेदको घनघोर संघर्षमा केहि उल्लेखनीय घट्नाहरूलाई यस अध्यायमा नियाल्नेछौं। परमेश्वरको चरित्र र स्वभावको बारेमा पनि हामी हेर्नेछौं र सैतानले परमेश्वरप्रति लगाएको झुठो आरोपमको पनि भन्डाफोर गर्नेछौं।

## १. स्वर्गको पवित्र कक्ष वा मन्दिरमा परमेश्वरको खिलाफमा भएको विद्रोह (इजकिएल २८:१२:१७)

स्वर्गमा उच्च स्थान ओगटेको स्वर्गदूत लुशिफरको पतन कसरी भयो भनेर देहायका पदहरूले यसरी दिँदछन्: इजकिएल २८:१२-१७ “१२ “हे मानिसको छोरो, टुरोसका राजाको विषयमा विलाप गर, र त्यसलाई भन्: ‘परमप्रभु परमेश्वर यसो भन्नुहुन्छः “ ‘तँ त सिद्धताको एक नमूना थिइस्, र बुद्धिले पूर्ण सर्वाङ्गसुन्दर। १३ परमेश्वरको बगैंचा अदनमा तँ थिइस्। हरेक बहुमूल्य पत्थरले तँ सिँगारिएको थिइस्– मानिक, पुष्पराज, पन्ना, पीतमणि, आनिक्स, बिल्लौर, नीर, फिरोजा र बेरूजले तँ आभूषित थिइस्। तेरा मणिघरहरू सुनले मोहोरिएका थिए, तँ सृजेको दिनमा नै ती तयार पारिएका थिए।

१४ अभिभावक करूब हुनलाई तँ अभिषेक गरिएको थिइस्, किनकि त्यसरी नै मैले तँलाई नियुक्त गरेको थिएँ। परमेश्वरको पवित्र पर्वतमा तँ थिइस्। अग्निमय पत्थरहरूका बीचमा तँ हिँड्थिस्। १५ तँ सृजिएको दिनदेखि तँमा अधर्म फेला नपरेको दिनसम्म, तेरो चाल-ढङ्गमा तँ दोषरहित थिइस्। १६ तेरा चारैतिरका व्यापारद्वारा तँ उपद्रवले भरिइस्, र तैंले पाप गरिस्। यसैले मैले तँलाई परमेश्वरको पर्वतबाट अपमान गरी खेदिदिएँ, र हे अभिभावक करूब, मैले तँलाई अग्निमय पत्थरहरूका बीचदेखि धपाइदिएँ। १७ तेरो सुन्दरताले गर्दा तेरो हृदय घमण्डले फुलियो, तैंले आफ्नो गौरवको कारण तेरो बुद्धिलाई भ्रष्ट पारिस्। यसैले मैले तँलाई जमिनमा फालिदिएँ। राजाहरूका अगि मैले तँलाई तमाशा बनाइदिए।" र यशैया १४:१२-१५, “१२ ए बिहानको तारा, प्रभातको पुत्र, तँ स्वर्गबाट कसरी खसेको छस्! उहिले जाति-जातिहरूलाई होच्याउने, तँ कसरी भूइँमा तल खसालिइस्। १३ तैंले आफ्नो हृदयमा भनिस्, “म स्वर्गमा उक्लनेछु। परमेश्वरका ताराहरूभन्दा माथि म मेरो सिंहासनलाई उच्च पार्नेछु। पवित्र पर्वतको सबैभन्दा उच्च टाकुरामा सभासद्को पर्वतमा म विराजमान हुनेछु। १४ म बादलको टुप्पाभन्दा माथि उक्लनेछु, म आफूलाई सर्वोच्च परमेश्वर जत्तिकै बनाउनेछु।” १५ तर तँ चिहानसम्म, खाड़लको तल्लो गहिराइसम्मै होच्याइस्।"

झट्ट हेर्दा इजकियल २८:१२मा यस संसारको राजाको बारेमा मात्र चर्चा गरिएको देखिन्छ। तर त्यहाँ भएका विभिन्न अंशहरू र त्यसपछिका पदहरूले सैतानको बारेमा खास चर्चा गरिरहेको पाइन्छ।

परमेश्वरले नियुक्ति वा अभिषेक गर्नुभएको लुशिफर छोप्ने स्वर्गदूत वा करुब थियो (इजिकएल २८:१४)। त्यसले स्वर्गमा भएको पवित्र मन्दिरभित्र रहेको अति महा पवित्र कक्षको बारेमा याद दिलाउँछ। त्यस महापवित्र कक्षमा परमेश्वरको सामु रहेको पवित्र सन्दुक थियो जहाँ दुई स्वर्गदूतहरूले ढाकेका थिए (इजकिएल ३७:७-९)। ती मध्ये एक स्वर्गदूत जो पछि सैतान भयो परमेश्वरको पवित्र पहाडमा भएको अग्नीमय पत्थरहरूको बीचमा पनि हिंड्थ्यो (इजकिएल २८:१४)। परमेश्वरको बगैंचा अदनको केन्द्रिय स्थानमा पनि ऊ थियो (इजकियल २८:१३)। पद १३मा बहुमूल्य पत्थरहरूको बारेमा उल्लेख गरिएको छ। ती पत्थरहरू प्राचिन इस्रायलको मूल पुरोहितले लगाउने छातीको कपडामा हुन्थ्यो (प्रस्थान ३९:१०-१३)। त्यसमा नौवटा बहुमूल्य पत्थरहरू हुन्थे। त्यसले गर्दा मन्दिरकै बारेमा इजकिएलले चर्चा गरिरहेको हामी पाउँछौं।

अत्यन्त सुन्दर महिमा अर्थात् करूबको सुन्दरता र शक्तिको बारेमा इजिएल २८मा वर्णन गरिएको छ। तब त्यस  स्वर्गदूतको असलबाट खराबमा कसरी खस्कियो भनेर वयान गरेको छ। उसको महिमा उसको टाउको भित्र पस्यो। उसमा भएको सुन्दरताले उसको हृदय घमण्डले फुल्यो। उसले अहङ्कारलाई पालनपोषण गर्दा उसमा भएको ज्ञानबुद्धी भ्रष्ट भयो। उसले जुन कुरालाई साट्यो (पद १८) त्यसले गर्दा ऊ धेरै खतरनाक भयो। उसले परमेश्वरको चरित्र हत्या गर्न खोजेको हुनसक्छ र कतिपय स्वर्गदूतहरूलाई आफ्नो पक्षमा ल्याउन उसले विद्रोहको आगो सल्कायो।

यस संसारमा भएको सांसारिक शक्तिको घमण्डले गर्दा स्वर्गपनि हल्लाउन खोजेको थियो। यशैया १४:१२-१५मा "बिहानको तारा" भनेर उल्लेख गरिएको छ। त्यो ल्याटिन भाषाको  लुशिफेर भन्नेबाट आएको वाक्यांस हो। सैतानको नाउँ लुशिफर भएको त्यस शब्दबाट हो। ऊ स्वर्गबाट खसालिन्छ र पृथ्वीमा खस्छ। उसको बारेमा अरू शव्दहरू पनि प्रयोग गरिएका छन् जस्तै "परमेश्वरका ताराहरूमाथि

रहेका सिहाँसन," उत्तरमा रहेको " जगतमा रहेका परमेश्वरका जीवहरूको पहाड", "अत्यन्त उच्च" आदि हुन्। सैतान एक पटक स्वर्गमा रहेको जीवन थियो भनेर ती शव्दहरूले बताउँछन्। पद १२ र १३मा भूतकाल प्रयोग गरिएको छ भने पद १५मा अचानक भविष्यकाल प्रयोग गरिएको छ। उसको पहिलो पतन भएको थियो भनेर यशैया १४:१२मा बताउँछ भने चिहान वा शियोलमा पृथ्वीबाट भविष्यको कुनै समयमा पतन हुनेछ भनेर यशैया १४:१५मा बताइएको छ। यो बेबिलोनको राजाको बारेमा चर्चा गरिएको होइन। बरू सैतान वा लुशिफरलाई सम्बोधन गरेको थियो भनेर त्यसले स्पष्ट रूपमा बताउँछ।

**के रे? शिद्ध परमेश्वरले सृष्टि गर्नुभएको शिद्ध तथा परिपक्व जीव पापमा फस्यो रे! परमेश्वरको जगतमा आत्मनिर्णयको अधिकार प्रत्येकलाई सुम्पेको छ भन्ने कुरालाई हामीले कसरी बुझ्ने? त्यस खालको आत्मनिर्णयको स्वतन्त्रताले परमेश्वरको चरित्रको बारेमा हामीलाई के बताउँछ? २११**

## २. परिवर्तन (जकरिया ३:१-५)

स्वर्गमा परमेश्वर जस्तै हुन प्रतिस्पर्धा गर्न खोज्दा विद्रोहको वातावरण सैतानले सृजना गरेको थियो र एक समय गौरवमय, तेजस्वीमय र सम्माननीय लुशिफर सैतान बनेर त्यस विद्रोहको नेतृत्व गरेको थियो जसको फलस्वरूप ऊ पृथ्वीमा फैंकियो। अब परमेश्वर न्यायोचित छैन भनेर झुठो आरोप लगाउन खप्पिस भयो। यस पृथ्वीमा भएको परमेश्वरको प्रथम पवित्र स्थान अदनको बगैचामा परमेश्वरको बोली ठिक छैन भनेर परमेश्वरको खिलाफमा उसले फताहा कुरा बोल्यो (उत्पत्ति ३:१-५)। स्वर्गको पवित्र मन्दिर वा परमेश्वरको वासस्थानमा मच्चाएको विद्रोहको आगो अदनमा रहेको संसारको मन्दिरमा सल्कायो। सर्पलाई प्रयोग गरेर हब्बालाई पाप गर्न छल गऱ्यो। अनि आदम र तिनलाई कस्तो राम्रो कुरो परमेश्वरले लुकाउनुभएको छ भन्ने उहाँप्रति मन बिगार्ने बिऊ सैतानले तिनीहरूको मगजमा खुलारूपमा रोपी दियो। त्यसरी सैतानले परमेश्वरको चरित्रको हत्या गर्न तिनीहरूको मनमा शङ्काको सृजना गरायो।

जब आदम र हब्बाको पतन भयो तब सैतानले यस संसारमा उसको अस्थायी सिहाँसन स्थापना गऱ्यो। यस संसारको शासक बनेर (यूहन्ना १२:३१) स्वर्गको बैठकमा पसेको थियो भनेर बाइबलका विभिन्न अंशहरूले बताउँछन्। यद्यपि सैतानले यस पृथ्वीलाई त कब्जा गऱ्यो तर त्यसमाथि आफ्नो प्रभुत्वचाहिँ जमाउन सकेन। जस्तै चोरले चोर्न त चोर्छ तर उसले चोरेको सामानमाथि उसले आधिकारिक आफ्नो बनाउन सक्दैन।

परमेश्वर र सैतानको बीचमा महान् मतभेदको युद्ध कसरी चर्केको छ भन्ने ज्वलन्त उदाहरणहरू अय्यूब १:६-१२ र जकरिया ३:१-५मा खुलाएका छन्। हेर्नुहोसः "१ ऊज देशमा अय्यूब नाउँ भएका एक जना मानिस बस्दथे। तिनी निर्दोष र सोझो जीवन बिताउँथे। तिनी परमेश्वरसँग डराउँथे र दुष्टताबाट अलग बस्थे। २ तिनका सात छोरा र तीन छोरी थिए। ३ तिनका सात हजार भेड़ा, तीन हजार ऊँट, पाँच सय हल गोरु र पाँच सय गधाबाहेक धेरै कमारा-कमारीहरू पनि थिए। पूर्वका सबै मानिसहरूमध्ये अय्यूब सबैभन्दा महान् थिए। ४ तिनका छोराहरूले पालैसित आफ्नो घरमा भोज राख्थे र आफ्ना तीन बहिनीहरूलाई खानपिनका लागि आफ्ना तीन बहिनीलाई निम्त्याउँथे। ५ भोज दिने क्रम सिद्धिएपछि अय्यूबले आफ्ना छोराछोरीहरूलाई बोलाएर शुद्ध बनाउने गर्थे। तिनी बिहान सबेरै उठी तिनीहरू प्रत्येकको निम्ति यो विचारले एउटा-एउटा होमबलि चढाउथे, "शायद मेरा छोराछोरीले पाप गरे होलान् र परमेश्वरलाई आफ्ना हृदयमा सरापे होलान्।" अय्यूब सधैं यसै गर्थे। ६ एक दिन स्वर्गीय दूतहरू परमप्रभुको सामुन्ने उपस्थित हुँदा शैतान पनि तिनीहरूसँग आयो। ७ परमप्रभुले शैतानलाई सोध्नुभयो, "तँ कहाँबाट आईस्?" त्यसले भन्यो, "पृथ्वीमा चारैतिर घुमफिर गर्दै आएको हुँ।" ८ तब परमप्रभुले शैतानलाई सोध्नुभयो, "के तैंले मेरो दास अय्यूबलाई याद गरिस्? परमेश्वरको डर राख्ने र दुष्ट कामबाट अलग रहने त्यो जस्तो निर्दोष र सोझो मानिस पृथ्वीमा अरू कोही छैन।" ९ शैतानले परमप्रभुलाई यसो भनेर जवाफ दियो, "अय्यूबले त्यसै परमेश्वरको डर राखेका हुन् त?" १० के तिनलाई, तिनका घराना र तिनका सबै धन-सम्पत्तिलाई तपाईंले चारैतिरबाट बार हालेर रक्षा गर्नुभएको छैन? तिनका सबै काममा तपाईंले आशिष् दिनुभएको छ, अनि

तिनका गाईबस्तुहरू देशभरि अनगन्ती बढ़ेका छन्। ११ तर आफ्नो हात पसारेर तिनका सबै चीजमाथि प्रहार गर्नुहोस्, र तिनले तपाईंलाई तपाईंकै मुखको सामुन्ने सराप्नेछन्।" १२ तब परमप्रभुले शैतानलाई भन्नुभयो, लौ त, त्यसकहाँ जे-जति छन्, सबै तेरै हातमा भयो। केवल अय्यूबको शरीरलाई चाहिँ नछो।" तब शैतान परमप्रभुको उपस्थितिबाट निस्केर गयो।" अय्यूब १:१-१२। र "१ तब उहाँले प्रधान पूजाहारी यहोशूलाई परमप्रभुका दूतको सामुन्ने उभिरहेका र शैतान तिनको विरोध गर्नलाई तिनको दाहिने हाततिर उभिरहेको मलाई देखाउनुभयो। २ परमप्रभुले शैतानलाई भन्नुभयो "ए शैतान, परमप्रभुले तँलाई हकारून्। यरूशलेमलाई चुन्नुहुने परमप्रभुले तँलाई हकारून्! के यो मानिस आगोबाट निकालिएको अगुल्टो होइन र?" ३ अब यहोशूचाहिँ स्वर्गदूतको अगाडि फोहोर लुगा लगाएर उभेका थिए। ४ तब ती स्वर्गदूतले आफ्नो सामुन्ने उभिरहनेहरूलाई भने, "त्यसको फोहोर लुगाहरू फुकालिदेओ।" तब तिनले यहोशूलाई भने, "हेर, मैले तिम्रा पाप दूर गरिदिएँ, र म तिमीलाई दामी-दामी लुगा लगाइदिनेछु।" ५ तब मैले भनें, "तिनको शिरमा एउटा सफा फेटा लगाइदेऊ।"यसैले तिनीहरूले तिनलाई एउटा सफा फेटा र लुगा लगाइदिए, र परमप्रभुका स्वर्गदूत नजिक उभिरहेका थिए।" जकरिया ३:१-५।

महान् मतभेदको भिषण संघर्ष स्वर्गमा कसरी चलिरहेको छ भनेर माथिका पदहरूले देखाउँदछन्। अय्यूबको धार्मिक तथा पवित्र जीवनलाई सैतानले स्वार्थी भनेर आरोप लगाउँछ (नेपालमा येशूको निम्ति ज्यान दिन तयार हुनेहरूलाई पनि भाते क्रिश्चियन भनेर आरोप लगाउन मानिसहरू नहिच्किचाएको पाउँछौं)। अय्यूबप्रति सैतानको आरोप यस्तो थियो, "यदि आफू असल भयो भने परमेश्वरले मलाई आशिष दिनुहुन्छ भन्ने अय्यूबको प्रवृत्ति छ।" परमेश्वरलाई नै माया गरेर उहाँको सेवा अय्यूबले गर्दैन तर उहाँबाट के पाउँला भनेर स्वार्थी भावनाले उहाँको सेवा गर्छ भन्ने अय्यूबप्रति सैतानको आरोप थियो। परमेश्वरमाथि आस्था राखेर वा उहाँको सेवा गरेर केही फायदा हुँदैन भनेर अय्यूबलाई थाहा पायो भने उसले स्वःत उहाँमाथिको आस्था वा आफूले अपनाएको धर्मलाई त्यागछ भन्ने विश्वास सैतानको थियो।

परमेश्वरको मूल पुजारी यहोशू (पवित्र मन्दिरको विषयवस्तुलाई फेरि यहाँ समेतेको छ) र अरू भक्तजनहरू (प्रकाश १२:१०)को बारेमा एलेन जी ह्वाइटले यस्तो स्पष्ट धारणा राख्छिन्, "सैतानले परमेश्वरको जनहरूको खिलाफमा दोष लगाइरहेको छ। तिनीहरूको अवस्था सकेसम्म निराशजनक छ भनेर तिनीहरूको मन परमेश्वरबाट सैतानले भाँड्न खोज्छ। तिनीहरूको कमिकमजोरी र खराब कामलाई औंल्याउँदै परमेश्वरसँग विवाद गर्नुहुन्छ।" क्राइस्ट अवजेक्ट लेसनस्" पृ. १६७बाट रूपान्तरित।

दुबै मामिलामा परमेश्वरको न्यायको बारेमा चुनौती दिएको पाइन्छ। परमेश्वर न्यायोचित हुनुहुन्न, उहाँ पूर्वाग्रही हुनुहुन्छ भन्ने आरोप सैतानको थियो। त्यसको अर्थ परमेश्वरको चरित्र तथा स्वभावलाई कठघरामा उभ्याइएको थियो। दुष्ट, पापीहरूलाई मुक्ति दिनु के परमेश्वरको निम्ति उचित छ? अपराधी वा अधर्मीहरू धर्मी भयो भनेर तिनीहरूका अपराधलाई माफि दिएर दण्डहीनको निति अपनाउन परमेश्वरलाई सुहाँउदैन भनेर सैतानको आरोप थियो। अधर्मी, पापी, दुष्टहरूलाई सजायँ नगरि त्यत्तिक्कै छोड्ने निति न्यायोचित छैन भनेर परमेश्वरको न्यायप्रणालीमा सैतानले आक्रमण गरेको थियो। तर यदि परमेश्वर दयासागर हुनुहुन्छ, उहाँ सदाशयी र करुणामयी हुनुहुन्छ भने उहाँले क्षमा दिनैपर्छ र पापीहरूलाई अभयदान दिनै पर्छ। तर परमेश्वर दुवै न्यायसङ्गत र करुणामय कसरी हुनसक्नुहुन्छ?

**यदि परमेश्वर केवल न्यायमूर्तीमात्र हुनुहुन्छ भने तपाईंको भविष्य कस्तो होला? तपाईंको मानविय प्रवृत्तिले गर्दा तपाईंले सजायँ पाउनै पर्छ भन्ने मनिस्थितिमा मात्र तपाईं परिरहनुभयो भने तपाईंले पाउने अनन्त जीवनको आशालाई कसरी धरापमा पार्नसक्दछ? सोच्नुहोस्।**

## ३. सैतानको आरोपलाई क्रुसमा गरिएको खण्डन (रोमी ३:२१-२६)

सैतानको आरोप निराधार छ भनेर परमेश्वरले प्रमाणित गर्नुहुनेछ भनेर उहाँले सुरूमै योजना बनाउनु भएको थियो। उहाँले आफ्नो असिमित प्रेम र न्यायलाई जगतको सामु देखाउने उहाँको योजना थियो। न्यायमूर्ती परमेश्वरको माग छ कि जोसुकैले पाप गरेतापनि त्यसको सजाय भोग्नै पर्छ। तर उहाँले मानव जगतलाई

अत्यन्त माया गर्नुहुन्छ र उहाँसँग मानिसहरू मिलोस भन्ने उहाँ चाहनुहुन्छ। त परमेश्वरले न्याय र प्रेमलाई यथोचित स्थानमा कसरी राखेर देखाउने?

**परमेश्वरले आफ्नो प्रेम र न्यायको स्वभावलाई कसरी देखाउनुभयो भनेर देहायका पदहरूले यसरी बताउँदछन्: १ यूहन्ना ४:१० "प्रेम यसैमा छ, कि हामीले परमेश्वरलाई प्रेम गरेका होइनौं, तर उहाँले हामीलाई प्रेम गर्नुभयो, र हाम्रा पापको प्रायश्चित हुनका निम्ति आफ्ना पुत्र पठाउनुभयो।" र रोमी ३:२१-२६, "२१ तर अब त व्यवस्थाविनै परमेश्वरबाट आउने धार्मिकता प्रकट भएको छ। त्यसैको गवाही व्यवस्था र अगमवक्ताहरूले दिएका छन्। २२ येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्वारा प्रकट भएको छ। किनभने केही भेद छैन, २३ किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्। २४ परमेश्वरका अनुग्रहको वरदानले ख्रीष्ट येशूमा भएको उद्धारबाट तिनीहरू सित्तैंमा धर्मी ठहरिएका छन्। २५ परमेश्वरले ख्रीष्टलाई उहाँको रगतद्वारा प्रायश्चितको बलिदान स्वरूप प्रस्तुत गर्नुभयो, जुन प्रायश्चित विश्वासद्वारा ग्रहण गर्नुपर्दछ। यो काम परमेश्वरले आफ्नो धार्मिकता देखाउनलाई गर्नुभयो, किनभने उहाँको ईश्वरीय धैर्यमा अगाडिका पापहरूलाई उहाँले वास्ता गर्नुभएको थिएन। २६ परमेश्वर आफै धर्मी हुनुहुन्छ र येशूमा विश्वास राख्नेहरूलाई उहाँले धर्मी ठहराउनुहुन्छ भन्ने कुरा प्रमाण गर्नलाई उहाँले वर्तमान समयमा यो गर्नुभयो।"**

परमेश्वरको प्रेम र न्यायको चरित्रको खुलासा गरिएको उत्कृष्ट उदाहरण ख्रीष्टको मृत्युले देखाएको छ। परमेश्वरले हामीलाई अति प्रेम गर्नुभएकोले नै हाम्रा पापहरूको बलि हुन आफ्नो एकमात्र पुत्रलाई यस संसारमा पठाउनुभयो। त्यस बलिदानले हाम्रा पापहरू मेटी हामीलाई पापबाट उम्काउँछ (१ यूहन्ना ४:१०, यूहन्ना ३:१६)। हामीले गरेको व्यवस्थाको उलङ्घनबाट हामीले भोग्नुपर्ने सजायँ उहाँ आफैले भोग्नुभयो, त्यसले उहाँको न्यायलाई देखाउँदछ। कसरी त? परमेश्वरको दश आज्ञा वा उहाँको राज्यको विधिको मागलाई येशूले क्रुसमा पूरा गरिदिनुभयो।

परमेश्वरको त्यस न्यायकोकाम फत्ते गर्नुभएकोबाट उहाँले आफ्नो अनुग्रह र प्रेमको पनि प्रदर्शन गर्न सफल हुनुभयो। त्यो कसरी

भने येशू हाम्रो साटो मर्नुभएकोले हो। हाम्रो निम्ति उहाँ मर्नुभयो, हामी मर्नुपर्ने ठाउँमा उहाँ मर्नुभयो ताकि अनन्त मृत्युको सामना हामी आफैले गर्नुपरेन। सुसमाचारले दिने अचम्मको बरदानको खबर यही हो। सुसमाचारको अर्थ नै येशूले हाम्रो निम्ति के गर्नुभयो भन्ने खबर थाहा पाउनु हो। न्यायमूर्ती परमेश्वरले माग गर्नुभएको न्यायको सजायँ परमेश्वर आफैले बहन गर्नुभयो। यथार्थमा ख्रीष्टले क्रुसमा सहनुभएको दण्ड हामीले भोग्नुपर्ने थियो।

परमेश्वरको धार्मिकता र हाम्रो पापको निम्ति येशूले तिर्नुभएको मोलको बहूमूल्य वाख्या रोमी ३:२१-२६मा गरिएको छ। त्यसलाई बाइबलको मणी भनेपनि हुन्छ।

न्यामूर्ती परमेश्वरको धार्मिकता कतिको उचित छ भनेर देखाउने ज्वलन्त उदाहरण ख्रीष्टको मृत्यु हो। पावलले भन्दछन्, "परमेश्वर आफै धर्मी हुनुहुन्छ र येशूमा विश्वास राख्नेहरूलाई उहाँले धर्मी ठहराउनुहुन्छ भन्ने कुरा प्रमाण गर्नलाई उहाँले वर्तमान समयमा यो (क्रुसमा मृत्यु) गर्नुभयो।" (रोमी ३:२६)।

पवित्र मन्दिरको विषयवस्तुले ख्रीष्टको मृत्युको रुपरेखा देखाउँदछ। मानिसको पापको सट्टामा येशूको मृत्यु नै पक्का बलिदान हो भनेर हामीले गत अध्यायमा हेरेका थियौं। ख्रीष्टले हामीहरूको "पापलाई छोप्ने" (रोमी ३:२५) हुनुहुन्छ। ख्रीष्टको लक्ष्यलाई यस पृथ्वीमा भएको पवित्र मन्दिरमा हुने विभिन्न विधिले चित्रण गरेको थियो भनेर बाइबलको दुवै करारले प्रकट गर्दछ।

**जब पापको प्रादुर्भाव भयो तब "सारा पापरहित जगतले परमेश्वर उठेर यस पृथ्वीका मानिस र जीवजीवातहरूलाई सखाप पारेको अपेक्षा गर्दै बढो चासोले हेरेका थिए। ....तर यस संसारलाई नाश गर्नुको सट्टा परमेश्वरे उहाँको पुत्रलाई पठाएर उद्धार गर्नुभयो।....अत्यन्त खराब समयमा जब सैतान सफल हुन्छ कि भनेर देखाएको थियो, तर परमेश्वरको अनुग्रहको पक्का वा सिद्ध उदाहरण भएर परमेश्वरको पुत्र आउनुभयो।"-एलेन जी ह्वाइट, द डिजायर अभ एजेज्, पृ. ३७बाट रूपान्तरित।**

उपरोक्त उद्गारले परमेश्वरको चरित्रको बारेमा तपाईंलाई के भन्छ?

## ४. न्यायप्रणाली अपनाइएकोमा परमेश्वरको चरित्रले सफाई पाएको छ (प्रकाश १६:५,७)

परमेश्वरप्रति आस्था राख्ने, उहाँमाथि भरोसा राख्ने र उहाँप्रति बफादारी हुनेको निम्ति परमेश्वरको न्याय सुभ सन्देश हो भनेर बाइबलले देखाएको हामीले हेर्‍यौं। विशेष गरेर "सैतानले हामीलाई गरेको आरोपको खण्डन गर्न नसकेको " (एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली ५, पृ. ४७२) अवस्थामा परमेश्वरमा भरपर्नुको विकल्प छैन। तर परमेश्वरले गर्नुभएको न्याय केवल हाम्रो निम्ति मात्र होइन। सारा जगतको सामु परमेश्वरको चरित्रले सफाई पाउन पनि त्यो न्यायिक फैसलाले प्रकट गरिएको थियो।

न्यायमूर्ती परमेश्वरको चरित्रले उहाँको न्यायको बारेमा के देखाउँछ भनेर देहायका पदहरूले देखाएको पढ्नुहोस्ः भजन ९६:१०-१३ " १० जातिहरूका बीचमा भन, "परमप्रभु राज्य गर्नुहुन्छ।" संसार स्थिर रूपले स्थापित भएको छ, त्यसलाई हल्लाउन सकिँदैन। उहाँले मानिसहरूको न्याय निष्पक्षसाथ गर्नुहुनेछ। ११ स्वर्ग आनन्दित होस्, र पृथ्वी रमाओस्, समुद्र र त्यसमा भएका सबै थोकले हर्षनाद गरून्। १२ खेत र त्यसमा भएका सबै कुरा उल्लसित होऊन्। तब जङ्गलमा भएका वृक्षहरू आनन्दले गाउनेछन्, १३ तिनीहरू परमप्रभुको सम्मुख गाउनेछन्, किनकि उहाँ आउनुहुन्छ,
उहाँ पृथ्वीको न्याय गर्न आउनुहुन्छ। उहाँले संसारको न्याय धार्मिकतामा, र मानिसहरूको न्याय आफ्नो सत्यतामा गर्नुहुनेछ।", २ तिमोथी ४:८ " अब उप्रान्त मेरो निम्ति धार्मिकताको मुकुट राखिएको छ, जो धार्मिकताका न्यायाधीश प्रभुले त्यस दिन मलाई दिनुहुनेछ, र मलाई मात्र होइन, तर उहाँको पुनरागमन प्रिय मान्नेहरू सबैलाई दिनुहुनेछ।", प्रकाश १६:५,७ " ५ तब पानीको जिम्मा लिने स्वर्गदूतले यसो भनिरहेका मैले सुनें, "तपाईं आफ्ना इन्साफमा न्यायी हुनुहुन्छ, तपाईं जो हुनुहुन्छ, जो हुनुहुन्थ्यो, हे पवित्र परमेश्वर। किनभने यसरी नै तपाईंले इन्साफ गर्नुभएको छ। ७ तब वेदीले यसो भनिरहेको मैले सुनें, "हो, परमप्रभु परमेश्वर सर्वशक्तिमान्, तपाईंका इन्साफ सत्य र न्यायसङ्गत छन्।" र प्रकाश १९:२ " २ किनकि उहाँका इन्साफ सत्य र

न्यायसङ्गत छन्। सारा पृथ्वीलाई आफ्नो व्यभिचारले भ्रष्ट पार्ने त्यस महा वेश्यालाई उहाँले दण्ड दिनुभएको छ, र उहाँका दासहरूका रगतको बदला लिइसक्नुभएको छ।"

न्यायको समयमा परमेश्वरको चरित्र देखाउनुहुनेछ। अब्राहमले बुझिसकेका कुराहरूलाई मानव जगतको अन्तमा सबैले बुझ्न पाउनेछन्। "जे न्यायोचित वा उचित छ के सारा पृथ्वीको न्यायमूर्तीले गर्नुहुन्न र?" (उत्पत्ति १८:२५ रूपान्तरित)। येशूको आगमन भन्दा पहिले गर्ने छानविनको न्याय र हजारवर्ष वा सहस्रवर्षको दौरानमा गरिने न्यायले सारा मानिसहरूको मामिलामा परमेश्वरले के गर्नुहुँदो रहेछ भनेर स्वर्गदूत र धर्मीहरूले न्यायका तिन पक्षलाई देख्न पाउनेछन्। प्रत्येक न्यायको मामिलामा परमेश्वर सदशायी र कृपालु हुनुहुन्छ भनेर प्रमाणित गर्नेछ।

फिलिप्पी २:५-११मा अत्यन्त अचम्मको घटना उल्लेख गरिएको छ। त्यो के हो हेर्नुहोस्: "५ तिमीहरूमा यस्तो मन होस्, जो ख्रीष्ट येशूमा पनि थियो। ६ परमेश्वरको स्वरूपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन। ७ तर आफैलाई रित्त्याईकन कमाराको रूप धारण गरेर, तथा मनुष्य भएर जन्मनुभयो। ८ स्वरूपमा मानिसजस्तै भएर आफैलाई होच्याउनुभयो, र मृत्युसम्मै, अर्थात् क्रूसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो। ९ त्यसैकारण परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो, र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो, जो हरेक नाउँभन्दा उच्च छ, १० कि स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनि भएको हरेक प्राणीले येशूको नाउँमा घुँडा टेक्नुपर्छ, ११ र हरेक जिब्रोले परमेश्वर पिताका महिमाको निम्ति येशू ख्रीष्टलाई प्रभु भनी स्वीकार गर्नुपर्छ।"

भविष्यमा ख्रीष्टले पाउनुहुने महिमा (सम्मान र प्रशंसा)को बारेमा पद ९-११ले बताउँदछ। दुवै क्रियाकलापको मूल विषयवस्तु एउटै होः येशू प्रभु हुनुहुन्छ र सारा सृष्टिले त्यो स्वीकार गर्नेछ। प्रथमतः सबै सृष्टि उहाँको सामु घुँडा टेक्ने छ (पद १०)। घुँडा टेक्नुको अर्थ कुनै व्यक्तिको आधिपत्यलाई स्वीकार गर्नु हो। यहाँ ख्रीष्टलाई विशेष गरेर सम्मान गरेको देखाउँछ। फेरि त्यसले ख्रीष्ट पृथ्वी र सारा जगतका राजा हुनुहुन्छ भनेर पहिचान गरिएको छ भनेर देखाउँछ। "स्वर्ग र

पृथ्वी र पृथ्वीमुनी" (पद १०) भन्ने वाक्यांसले प्रत्येक जीवलाई समेटिएको छः स्वर्गमा रहेका स्वर्गदूतहरू, यस संसारमा रहेका जीवित मानिसहरू र मरेर बौरि उठेका मानिसहरू। त्यसकारण ख्रीष्टलाई सम्मान गर्ने जीवहरूमा केवल उद्धार पाएकाहरूमात्र हुने छैन। ख्रीष्टको प्रभुत्वमा सबैले घुँडा टेक्नेछन्, चाहे उहाँलाई नचुनेर अनन्त जीवन गुमाएकाहरू किन नहुन्।

दोस्रो कामचाहिँ प्रत्येकले "ख्रीष्ट प्रभु हो भनेर स्वीकार गर्नेछ" (पद ११)। अन्तमा सबैले ख्रीष्टलाई प्रभु मानेर परमेश्वरको न्यायलाई स्वीकार गर्नुपर्ने हुन्छ। सैतानले गर्न खोजेको परमेश्वरको चरित्र हत्या नै महान् मतभेदको युद्धको केन्द्रविन्दु हो। तर सारा सृष्टिले उहाँ न्यायी र विश्वासयोग्य हुनुभएको देख्नेछ। ख्रीष्टको परमशत्रु सैतानले पनि परमेश्वरको न्यायप्रणालीलाई स्वीकार गर्नेछ र ख्रीष्टको प्रभुत्वको सामु घुँडा टेक्नेछ। (हेर्नुहोस्, एलेन जी ह्वाइटद्वारा लिखित *द ग्रेट कन्त्रोभर्सीको* पृ. ६७०,६७१)। २२०

## ५. स्वर्गको प्रदर्शनी (इजकिएल ३६:२३-२७)

डाँडामा दिनुभएको उपदेशमा येशूले यी अचम्मको बचनहरू व्यक्त गर्नुभएको थियोः "१४ "तिमीहरू संसारका ज्योति हौ। डाँड़ामा बसालिएको सहर लुक्न सक्दैन। १५ मानिसहरूले बत्ती बालेर पाथीले त छोप्दैनन्, तर सामदानमा राख्दछन्, र घरमा हुने सबैको निम्ति त्यसले उज्यालो दिन्छ। १६ यसरी नै तिमीहरूको ज्योति मानिसहरूका सामुन्ने चम्कोस्, र तिनीहरूले तिमीहरूका सुकर्म देखून्, र स्वर्गमा हुनुहुने तिमीहरूका पिताको महिमा गरून्।" बाइबलभरि देखाएको एक महत्त्वपूर्ण नितिलाई यहाँ येशूले वाख्या गर्नुभएको पाइन्छ। येशूका अनुयायीहरू हौं भनेर दावी गर्नेहरूले आआफ्ना कामहरूबाट परमेश्वरको महिमा वा बेइज्जत गर्न सकिन्छ भनेर त्यस पदले सार्वजनिकरूपमा खुलासा गरेको छ।

**पौराणिक इस्रायलको इतिहासमा परमेश्वरले आफ्ना नाउँको सफाई कसरी गर्नु हुने रहेछ भनेर इजकिएल ३६:२३-२८मा यसरी उल्लेख गरिएको छः "२३ म मेरो महान् नाउँको पवित्रता देखाउनेछु, जो ती जातिहरूका बीचमा अपवित्र भएको छ, जुन नाउँ तिमीहरूले**

तिनीहरूका बीचमा अपवित्र पारेका छौ। जब म आफैलाई तिमीहरूद्वारा तिनीहरूका अगि पवित्र प्रकट गर्नेछु, तब जाति-जातिहरूले जान्नेछन्, कि म नै परमप्रभु हुँ, परमप्रभु परमेश्वर भन्नुहुन्छ। २४ " 'किनकि म जाति-जातिहरूबाट तिमीहरूलाई निकाल्नेछु, र सबै देशहरूबाट तिमीहरूलाई भेला गर्नेछु, र तिमीहरूलाई तिमीहरूको आफ्नै देशमा ल्याउनेछु। २५ म तिमीहरूमाथि शुद्ध पानी छर्किदिनेछु, र तिमीहरू शुद्ध हुनेछौ। तिमीहरूका सबै अशुद्धतादेखि र तिमीहरूका सबै मूर्तिहरूदेखि म तिमीहरूलाई शुद्ध तुल्याउनेछु। २६ म तिमीहरूलाई एउटा नयाँ हृदय दिनेछु, र तिमीहरूभित्र म नयाँ आत्मा हालिदिनेछु। तिमीहरूबाट ढुङ्गाको हृदय निकालेर म त्यसको सट्टामा तिमीहरूलाई मासुको हृदय दिनेछु। २७ अनि म मेरा आत्मा तिमीहरूमा हालिदिनेछु, र तिमीहरूलाई मेरा विधिहरू पालन गर्ने र मेरा नियमहरू होशियारीसाथ मान्ने तुल्याउनेछु। २८ मैले तिमीहरूका पिता-पुर्खाहरूलाई दिएको देशमा तिमीहरू रहनेछौ। तिमीहरू मेरा प्रजा हुनेछौ र म तिमीहरूका परमेश्वर हुनेछु।"

परमेश्वर र उहाँका जनहरूसँग बाँधिने नयाँ करार वा सम्झौता ती पदहरूले स्पष्ट रूपमा वाख्या गरेको छ। उहाँले तिनीहरूलाई शुद्ध पारी दिनुहुनेछ (पद २५) र तिनीहरूलाई नयाँ हृदय र नयाँ आत्मा अर्थात् जोशजाँगर हालीदिनुहुनेछ (पद २६)। अनि तिनीहरू परमेश्वरका आज्ञाहरूलाई शिरोपर गर्ने पवित्र जनहरू हुनेछ (पद २७)। विश्वासीहरूका पापहरू क्षमा दिन र तिनीहरूलाई पवित्र पार्न परमेश्वर अत्यन्त चाहना गर्नुहुन्छ। तिनीहरूको जीवनशैली, आचरण र स्वभावले परमेश्वर को हुनुहुन्छ र के गर्नुहुन्छ भनेर देखाउँदै उहाँको सम्मान गर्नेछ रे।

सारा जगतको सामु परमेश्वरको चरित्रले सफाई पाएको छ भनेर देखाउने उत्कृष्ट उदाहरण क्रुस नै हो। "आफ्ना सबै छल र परमेश्वरको खिलाफमा लगाएका आरोपहरू च्याताच्युत भएको सैतानले देखेको थियो। सारा नखसेका स्वर्गदूत र जगतका जीवहरूको सामु सैतानको भन्डाफोर भएको थियो। आफू हत्यारा भएको उसले प्रमाणित गरेको थियो। परमेश्वरको पुत्रको रगतलाई बहाउन उल्लेखनीय भूमिका खेलेको हुनाले उसले स्वर्गका दुत तथा जगतको जीवहरूबाट पाउने

अलिकति सहानुभूति पनि उसकै कारणबाट हटियो।"-एलेन जी ह्वाइट, *द डिजायर अभ एजेज्,* पृ. ७६१बाट रूपान्तरित।

फेरि त्यसैवखत ख्रीष्टका भक्तहरूले कस्तो भूमिका खेलिरहेका छन् भनेर पावलले नयाँ करारमा यसरी खुलासा गरेका छन्: " ९ जुलूसको पछिल्लो भागमा रहने मृत्युदण्ड पाएकाहरूलाई जस्तै परमेश्वरले हामी प्रेरितहरूलाई प्रदर्शनमा राख्नुभएजस्तै मलाई लाग्दछ। किनकि संसार, स्वर्गदूतहरू र मानिसहरूका निम्ति हामी तमाशा भएका छौं।" स्पष्ट रूपमा वाख्या गर्ने हो भने यस संसारमा हामी जे गर्दछौं वा गरिरहेका छौं त्यो यस संसारका मानिस र जगतका स्वर्गदूत वा जीवहरूसामु तमाशा देखाइरहेकाछौं रे! परमेश्वरको इज्जत वा भाऊ राख्न कस्तो खालको साक्षी हामी बकिरहेका छौं? हामीहरूको जीवनले "परमेश्वरका विभिन्न किसिमका ज्ञान स्वर्गीय स्थानहरूमा शासकहरू र अख्तियारवालाहरूका माझमा प्रकट"(एफिसी ३:१०) गर्न सकिन्छ वा हामीहरूकै जीवनशैली, आचरण र स्वभावले हामीले सेवा गरिरहेका प्रभुको नाउँमा बेइज्जत तथा शर्म ल्याउन सक्छौं।

**इमान्दारपूर्वक हृदय खोतलेर आफूले आफूलाई नै तपाईंले सोध्नुहोस्, "मेरो जीवनशैली, आचरण र स्वभावले सार्वजनिक रूपमा र स्वर्गका सारा जीवहरूको सामु परमेश्वरको नाउँमा कस्तो साक्षी मैले बकिरहेको छु? विशेष गरेर इसाई हुँ भन्ने बिल्ला लगाउँदै के मेरो जीवनले परमेश्वरको यश र महिमा फैलाइरहेको छ कि सैतानलाई खुशी पारिरहेको छ?**

## उपसंहार

**थप जानकारीः** एलेन जी ह्वाइटको *पाट्रियार्क एण्ड प्रोफेटसको* पृ. ३३-४३मा उल्लेखित "ह्वाइ सीन इज पर्मिट्टिड?" र *टेस्टिमोनिज फर द चर्च,* ठेली ५को पृ. ७३७-७४६मा उल्लेखित "द क्यारेक्टर अभ गड रिभिल्ड इन क्राइस्ट" पढ्नुहोस्।

"परमेश्वरको चरित्रको पक्का प्रतिनिधित्व गर्ने येशू संसारमा उभिनुभएको थियो। सैतानको चरित्र र कामहरू गलत थियो भनेर उहाँले नै प्रमाणित गर्नुभएको थियो। आफूसँग भएको चरित्र वा स्वभाव परमेश्वरमा थियो भनेर सैतानले आरोप लगाएको थियो। परमेश्वरको

असली चरित्र सैतानले येशूमा देखेको थियो- उहाँ दयालु र सदाशयी तथा करूणामय परमेश्वर हुनुहुन्छ। कोही पनि नाश होस् भन्ने परमेश्वरको चाहना होइन। बरू सबै मानिसहरू पापबाट फर्कुन् भन्ने उहाँको प्रवल चाहना हो। प्रत्येक मानिसले अनन्त जीवनको उपभोग गर्न सकुन् भन्ने परमेश्वरको तिब्र चाहना हो।"-एलेन जी ह्वाइट, सेलेक्टेड मेसेजेज्, बुक १, पृ. २५४बाट रूपान्तरित।

"मानिसको बदलीमा क्रुसमा रहस्यमयतरिकाले मर्न परमेश्वरको सिहाँसनबाट तल आउनुभएको येशू ख्रीष्टको लक्ष्यको बारेमा मानिसहरूले कमै बुझेका छन्। तर जब समय बित्दै जान्छ तिनीहरूले उहाँको लक्ष्यको बारेमा वढिसे वढि जान्न थाल्नेछन्। उहाँका लक्ष्यहरूमा प्रेमलाई देखाउने एक आधार हुन् भनेर देखाउन येशूको बलिदान भएको हो भनेर तिनीहरूले पछि देख्नेछन्।"-एलेन जी ह्वाइट, हेभेन्ली प्लेसेज, पृ. ३१९बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. जब सारा मतभेदको महान् युद्धको अन्त्य हुन्छ वा सैतानले परमेश्वरसँग प्रतिस्पर्धा गर्न खोजिएको निकम्मा हुन्छ, सारा जगतका पाप नगरेका जीवहरू र सैतान र उसका मतियारहरूले पाप र विद्रोहको मामिलामा परमेश्वर धर्मी र न्यायोचित हुनुहुन्दोरहेछ भनेर जब स्वीकार गर्नेछन् तब कस्तो होला, गहिरिएर सोच्नुहोस्। हुन त त्यो विषय जान्न धेरै गाऱ्हो छ। यद्यपि त्यसले परमेश्वरको चरित्रको बारेमा हामीलाई के भन्छ? परमेश्वरले सृजना गर्नुभएको जगतमा उहाँले दिएको नैतिक स्वतन्त्रता अर्थात् ठिक वा वेठिकलाई रोज्ने आत्मनिर्णयको अधिकार कतिको महत्त्वपूर्ण निति रहेछ भनेर त्यसले हामीलाई कसरी सिकाउँदछ?

आ. सैतान केवल मनमा मात्र छ, त्यो साँच्चिकै जीवत छैन बरू मनगढन्ते हो भनेर कतिपय इसाईहरूले पनि विश्वास गरेको पाइन्छ। संसारको दुष्टता र दु:खलाई वाख्या गर्न सैतानको धाराणा दन्त्यकथामा जस्तै सृजना

गरेको हो र त्यो पुरानो अव्यवहारिक धारणा हो भनेर तिनीहरूले देख्छन्। त्यो धारणा आफै पनि कित गलत छ? जब बाइबलमा विशेष गरेर नयाँ करारमै सैतानको वास्तिविकतालाई देखाएपछि सैतान मनगढन्ते हो भनेर विश्वास गर्ने इसाईहरू कस्तो होला, त्यो अकल्पनीय नै छ। कतिपय चर्चहरूमा त्यस्तो सांसारिक धारणाहरू आधुनिकवादको नाउँमा पसिरहेकाहरूलाई हामीले के भन्छ? त्यही असत्य धारणालाई विश्वास गरि भूल नगर्न हामी सेभेन्थ-डे एडभेन्टिस्टहरू कसरी चनाखो हुनुपर्दछ? सैतानको वास्तविक अस्तित्व विना परमेश्वर र उसको बीचमा भइरहेको मतभेदको महान् अन्तर्द्वन्धको औचित्य के छ?